# मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### (शिक्षा शाखा)

नवलपरासी (वर्दघाट सुस्ता पूर्व जिल्ला)

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७६/०७७

च.नं. ४३

मिति:२०७६/०७/२९

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
मध्यविन्दु नगरपालिका,नवलपरासी (ब.सु.पू)

विषय : प्रस्ताव पेश गर्ने बारेको सूचना ।

प्रस्तुत विषयमा अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत यस नगरपालिकामा आ.व.२०७६/०७७ मा प्राप्त बजेट मध्ये विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका निम्नानुसारका कार्यक्रमहरु विद्यालयबाट पेश भएको प्रस्ताव / प्रतिवद्धता /मागका आधारमा कार्यान्वयन गरिने भएकोले मंसिर महिना भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय र निम्न कागजात सहित प्रस्ताव /प्रतिवद्धता /माग पेश गर्नुहुन सवैको जानकारीको लागि यो सुचना प्रकासित गरीएको छ । साथै अन्य संघ संस्थाबाट यस प्रकारको कार्यक्रम प्राप्त नगरेको हुनु पर्ने छ ।

निम्न

| क.स | कार्यक्रमहरुको नाम | प्रति इकाई दर | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | कार्य सम्पादनमा आधारित अनुदान ( तोकिएको सूचाँकका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई ) | रु ५००००।- | • विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन सुचकका आधारमा शैक्षिक गुणस्तर सुधारको कृयाकलाप सहितको प्रस्ताव पेश गर्नु पर्ने छ ।<br>• गत वर्ष यस खालको अनुदान पाउनेलाई उपलब्ध नहुने र शिक्षण सिकाई समय मापन कार्यविधी-२०७४, अनिवार्य रुपमा लागु गरीएको हुनुपर्ने छ । |
| २ | उत्कृष्ट शिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | रु २०००००।- | • कक्षा ८ ,१० र १२ नतिजा (२०७५)<br>• समग्र कक्षागत सिकाई औषत उपलब्धी<br>• शिक्षक उपस्थिती,विद्यार्थी संख्या ,कक्षा छाड्ने र दोहोराउने दर विद्यालय वाहिर रहेका बालबालिकाको अवस्था र आफुले गरेको असल अभ्यास सहित सिकाइ उपलब्धी थप वृद्धि गर्ने योजना र आफ्ना असल अभ्यास न्यून सिकाई उपलब्धि भएका विद्यालयलाई आदान प्रदान गर्ने सहितको प्रस्ताव पेश गर्नुपर्ने छ । |
| ३ | शिक्षक्को शिक्षण सिकाईमा विताउने समयावधि सुधार योजना कार्यन्वयनका लागि विद्यालयलाई अनुदान ( सवै विद्यालय ) | रु २०००।- | • शिक्षण सिकाई समय मापन कार्यन्वयन कार्यविधि-२०७४, लागु गर्ने निर्णय(वि.व्य.स) भई माग गर्नुपर्ने छ । |

| | | | |
|---|---|---|---|
| ४ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन ( फर्निसिङ्ग, किताव खरिद ,इ-पुस्तकालय समेत) | रु ६५००००।- | • गत आ.व.मा यस प्रकार अनुदान प्राप्त नगरेका ,पुस्तकालय नभएका आवश्यक कोठा भएका माध्यमिक तहमा विद्यार्थी संख्या उच्च रहेका विद्यायले प्रस्ताव पेश गर्नुपर्ने छ । |
| ५ | शिक्षण सिकाईमा ICTको प्रयोग ( कम्प्यूटर, इन्टरनेट ,कनेक्टिभिटि इक्यूपमेन्टस तथा kits खरिद) का लागि अनुदान | रु ६५००००।- | • इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विगतमा यस खालको अनुदान नपाएका माध्यमिक विद्यालयहरुले प्रस्ताव पेश गर्नुपर्ने छ ।<br>• माध्यमिक तहमा गणित ,अंग्रेजि र विज्ञान विषय पढाई रहेका,कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता समेत प्रस्तावमा खुल्नु पर्ने छ । |
| ६ | मध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | रु ६५००००।- | • विगतमा यस प्रकारको अनुदान नपाएका माध्यमिक विद्यालयहरुले विद्यार्थी संख्या,मा.वि.तहमा पढाई हुने विषय ,स्थापना मिति समेत उल्लेख गरी प्रस्ताव पेश गर्नुपर्ने छ ।<br>• विगतमा यस प्रकारको अनुदान प्राप्त नगरेको भए विज्ञान विषय पढाई भएका, प्राविधिक धारका तथा नमुना विद्यालयलाई समेत उपलब्ध समेत हुन सक्ने छ । |
| ७ | गणित ,विज्ञान र अंग्रेजी विषयका लागी कृयाकलापमा आधारीत सामग्री(KITS) अनुदान | रु ५००००।- | • आधारभूत तह (१-८ ) सञ्चालन भएका यस प्रकृतीको अनुदान विगतमा नपाएका विद्यालयहरुले प्रस्ताप पेश गर्नेपर्ने छ।<br>• विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित,विज्ञान र अंग्रेजी विषयका सामाग्रीहरु व्यवस्था गरी विद्यार्थीको शिक्षण सिकाइ कृयाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने छ । |
| ८ | नमुना विद्यालयमा कार्य सम्पादन करारका आधारमा प्र.अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहान अनुदान | रु ५००००।- | • कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम प्रस्ताव पेश गर्नुपर्ने छ । |
| ९ | WASH सुविधा भएको शौचालय निर्माण अनुदान | रु ७०००००।- | • कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम प्रस्ताव पेश गर्नुपर्ने छ । |

बोधार्थ

सूचना तथा प्रविधि शाखा मध्यविन्दु नगरपालिका -websit मा राखनुहुन ।

देविराम अर्याल
उप सचिव